प्रधानमन्त्री



काठमाडौं, नेपाल ।

## शुभकामना

मानव बेचबिखनलाई मानव सभ्यताकै कलङ्क र जघन्य अपराधका रूपमा मानिन्छ। नेपाल सरकारले यस्ता कुकार्यको समूल अन्त्य गरी समुन्नत र स्वस्थ समाज निर्माण अभियानमा जोड दिँदै आएको छ। गरिबी, बेरोजगारी, असमानता, सामाजिक तथा लैङ्गिक विभेद, अस्थिरता, हिंसा, पारिवारिक विघटनलगायतका कारणले मानव बेचबिखनलाई प्रत्यक्ष असर पार्ने हुँदा यस्ता कुकार्यको अन्त्यका लागि सबैको सहकार्य र हातेमालो जरुरी छ। यसैले **"तीनै तहका सरकार मिली गरौं हातेमालो: मानव बेचबिखनको हटाऔं दुष्चक्रको जालो"** भन्ने राष्ट्रिय नाराका साथ मनाउन लागिएको मानव बेचबिखन तथा ओसारपसार विरुद्धको १९औं राष्ट्रिय दिवसका अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

मानव बेचबिखन तथा ओसारपसारका प्रकृति, स्वरूप र आयाममा नयाँ नयाँ परिवर्तन देखिएका छन्। यस्ता कुकार्यका विरुद्ध नेपाल सरकार सदैव खरो र आक्रामक ढङ्गले उभिँदै आएको छ। मानव बेचबिखन तथा ओसारपसारलाई रोकथाम तथा नियन्त्रणका लागि अन्तर्राष्ट्रिय सन्धि र कानुन अनुकूल राष्ट्रिय नीति तथा ऐन कानुनको परिमार्जनमा सरकारले उच्च प्राथमिकता दिएको छ।

नेपाल सरकारले प्रतिबन्ध लगाएका मुलुकमा वैदेशिक रोजगारी क्षेत्रमा घरेलु कामदारको रूपमा जाने अधिकांश महिलाहरू बेचबिखनको जोखिममा पर्ने स्थितिप्रति सरकार चनाखो र सचेत छ। मनोरञ्जन क्षेत्रमा क्रियाशील किशोरी मानव बेचबिखनको उच्च जोखिममा रहेकोले उच्च निगरानी बढाइएको छ। बालबालिका र किशोरीहरूको बेचबिखन अन्त्यका लागि नेपाल सरकारले विभिन्न नीति, कार्यक्रमका साथै संस्थागत क्रियाशीलता र नियमन तीव्र बढाएको छ। विद्यमान कुरीति, कुसंस्कार र आपराधिक कुकार्यको पूर्ण नियन्त्रणका लागि निरोधात्मक तथा उपचारात्मक उपाय लागू गरिएको छ। आगामी दिनमा यस्ता कुकार्यको समूल नष्ट गर्ने दिशामा सबै अग्रसर र दृढ संकल्पित हुन अत्यावश्यक छ। मानव सभ्यताकै कलङ्क र आपराधिक मानिएको मानव बेचबिखनलाई जरैदेखि अन्त्य गरी स्वस्थ समाज निर्माण भई **"समृद्ध नेपाल: सुखी नेपाली"** को राष्ट्रिय लक्ष्यमा योगदान पुग्नेमा आशावादी छु।

अन्त्यमा, मानव बेचबिखन तथा ओसारपसार विरुद्धको अभियान सफल बनाउन यस दिवसले सबैलाई अझ क्रियाशील भई अगाडि बढ्न थप ऊर्जा र प्रेरणा मिलोस् भनी शुभकामना व्यक्त गर्दछु।

केपी शर्मा ओली

२० भदौ २०८२
११४५ यंलाथ्वः १३, शुक्रबार